# हिलिहाङ गाउँपालिका

# हिलिहाङ गाउँपालिकाको राजपत्र

खण्ड ५)   पाँचथर,  प्रदेश नं. १,  नेपाल,     २०७९/०७/२७     (संख्या ४

**भाग–२**

**हिलिहाङ गाउँपालिका**

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/०७/२५

## संवत २०७९ सालको कार्यविधि नं. ४

## “पशुपन्छी कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि २०७९”

अनुसूचि – ७
दफा १० सँग सम्बन्धित
लाभग्राहीको अभिलेख ढाँचा

आ.वः

कार्यक्रमको नामः

| क्र.सं. | लाभग्राही कृषक / फर्म/ संस्थाको नाम | ठेगाना | सम्पर्क नं. | कार्यक्रमको जम्मा लागत रकम (रु) | अनुदान रकम (रु) | लाभग्राही कृषक/कृषक संस्थाको लागत (रु) | कार्यक्रमबाट लाभान्वित कृषक संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | पु. | म. | दलित | आ.ज. | अन्य | जम्मा |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

**प्रमाणीकरण मितिः २०७९/०७/२५**

**आज्ञाले**
**बिक्रम लिम्बु**
**प्रमुख प्रशासकीय अधिकृत**





**प्रस्तावनाः**

कृषि तथा पशुपन्छी पालन व्यवसाय हिलिहाङ गाउँपालिकाको आर्थिक विकास कृयाकलापको महत्वपुर्ण अङ्गको रुपमा रहेको छ । कृषि क्षेत्रको दिगो विकास गरि खद्यान्न, दुध, मासु तथा अन्य पशुजन्य उत्पादनमा आत्मनिर्भर हुने सम्भावना प्रवल रहेको छ । हिलिहाङ गाउँपालिका क्षेत्रभित्र पशुपन्छी पालन व्यवसायलाई थप व्यवस्थित, उत्पादन लागत घटाउन यान्त्रीक/प्रविधिमैत्री एंवम परिवर्तित वातावरणमैत्री तथा उत्पादनमा वृद्धि गरि खाद्य सुरक्षालाई पोषणमैत्री बनाउदै गोठ देखी ओठ सम्म भरिपुर्ण भोजनको उपलब्ध गराउनु अत्ति आवश्यक देखिन्छ । साथै हिलिहाङ गाउँपालिका बाट सञ्चालन हुने पशु सेवा विकासका कार्यक्रमहरु प्रभावकारी, पारदर्शी, जवाफदेही, उत्तरदायी एंवम गुणस्तरयुक्त रुपमा कार्यान्वयन गर्न हिलिहाङ गाउँपालिकाले "स्थानीय सरकार सञ्चालन ऐन २०७४" को दफा १०२(२) को व्यवस्था अनुसार **"पशुपन्छी कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि २०७९"** स्वीकृत गरि लागु गरेको हो ।

**परिच्छेद–१**
प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ**

१.यस कार्यविधिको नामः **"पशुपन्छी कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि २०७९ "** रहेको छ ।

२.यो कार्यविधि हिलिहाङ गाउँ कार्यपालिकाले स्विकृत गरेको मिति बाट लागु हुने छ ।

**२.परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) " **कार्यालय** " भन्नाले यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

ख) "**प्रमुख प्रशासकीय अधिकृत** " भन्नाले यस हिलिहाङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

ग) " **अध्यक्ष** " भन्नाले यस हिलिहाङ गाउँपालिकाको गाउँपालिका अध्यक्ष सम्झनु पर्छ ।

घ) " **उपाध्यक्ष** " भन्नाले यस हिलिहाङ गाउँपालिकाको गाउँपालिका उपाध्यक्ष सम्झनु पर्छ ।

ङ) "**कार्यपालिका सदस्य** " भन्नाले यस हिलिहाङ गाउँकार्यपालिकाको सदस्यहरूलाई सम्झनु पर्छ ।

च) "**वडा**" भन्नाले यस हिलिहाङ गाउँपालिका अन्तर्गतका ७ वटै वडा कार्यालयहरू सम्झनु पर्छ ।

**छ) "वडा अध्यक्ष"** भन्नाले हिलिहाङ गाउँपालिका अन्तर्गत का ७ वटै वडा का वडा अध्यक्ष सम्झनु पर्छ ।

**ज) "वडा सचिव"** भन्नाले हिलिहाङ गाउँपालिका अन्तर्गतका ७ वटै वडा का वडा सचिव सम्झनु पर्छ ।

झ) **"वडा समिति"** भन्नाले यस हिलिहाङ गाउँपालिका अन्तर्गतका ७ वटै वडाका वडा समितिहरू सम्झनु पर्छ ।

ञ) **"शाखा"** भन्नाले यस हिलिहाङ गाउँपालिकामा रहेका पशु सेवा शाखा सम्झनु पर्छ ।

ट) " **कृषक** " भन्नाले कृषि , पशुपन्छी तथा मत्स्यपालन व्यवसायमा आवद्ध एकल वा समुहमा रहेका मानिस सम्झनु पर्छ ।

ठ) **"व्यवसायी"** भन्नाले यस हिलिहाङ गाउँपालिका भित्रका सम्बन्धित व्यवसायी व्यक्ति वा संस्था सम्झनु पर्छ ।

ड) **"कार्यविधि"** भन्नाले "**पशुपन्छी कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि २०७९** " सम्झनु पर्छ ।

**ढ) "अत्ति विपन्न,विपन्न वर्ग"** भन्नाले आफ्नै उत्पादनले ३-४ महिना मात्र खान पुग्ने, ७ रोपनि भन्दा कम जग्गा भएको कृषक/ उद्यमी सम्झनु पर्छ ।

**३.उदेश्य**

**यस कार्यविधिका उदेश्य देहाय अनुसार हुनेछन् ।**

(क) कृषि क्षेत्रमा व्यवसायिक रुपमा लागेका कृषि उद्यमीहरुलाई व्यसायीकरण गर्न आकर्षित गरि कृषि/पशु पालन व्यवसाय लाई प्रमुख व्यवसायको रुपमा विकास गरि पोषण तथा खाद्य सुरक्षामा योगदान पुर्याउने,

(ख)अव्यवस्थित खोरको कारणबाट उत्पन्न हुने विभिन्न रोगहरुको न्यूनीकरण गर्न पशु गोठ/खोर निर्माण वा सुधार गरि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने,

(ग) अत्ति विपन्न,विपन्न, लक्षित वर्ग तथा समुहलाई आय आर्जनको मुख्य पेशा पशुपन्छी पालन लाई बनाई स्तरउन्नति गर्दै हिलिहाङ गाउँपालिका लाई पशुपन्छी जन्य उत्पादनमा आत्मनिर्भर बनाउने,

**४. क्षेत्र तथा लक्षित समुहः**

यस हिलिहाङ गाउँपालिका क्षेत्र भित्रका आयआर्जन गेर्ने उदेश्यले कृषि व्यवसाय सञ्चालनको लागी जोखिम बहन गरि व्यवसायिक पशुपालन गर्ने मध्यम वर्गीय कृषि उद्यमीहरु हुनेछन् ।





| | | | | | |
|---|---|---|---|---|---|
| ६.३ | मत्स्य वीज खरिद तथा ढुवानी सहयोग | उन्नत नश्लका मत्स्य बीज खरिद तथा ढुवानीमा सहयोग | दर्तावाल मत्स्य कृषकले Hatchling, Fry, Fingerlings खरिद तथा ढुवानीका लागी निवेदन दिन सक्नेछन, नेपाल सरकारद्वारा पालन प्रविधिका लागी सिफारिस गरिएका जातहरु हुनुपर्ने छ । मत्स्य बीज खरिद गर्दा दर्ता भएका निजी/सरकारी फर्म/ह्याचरी/स्रोत केन्द्रबाट उत्पादित भएको हुनुपर्ने छ, अन्य कुरा "मत्स्य वीज ढुवानी मापदण्ड २०६१" बमोजिम हुनेछ । | स्वीकृत कार्यक्रमको परिधी भित्र रही ५०% अनुदानको व्यवस्था गर्न सकिने छ । | भौतिक पुर्वाधार निर्माण गर्दा स्थानीय दर रेट, प्राविधिक ईष्टिमेट वा डिजाईन अनुसार हुनुपर्ने छ । |

| ६. माछा उत्पादन तथा मत्स्य व्यवसाय प्रवर्द्धन संग सम्बन्धित कार्यक्रमहरु | | | | | |
|---|---|---|---|---|---|
| ६.१ | वातावरण संरक्षण एंवम पोषण सुधार का लागी पोखरी निर्माण तथा ब्यवस्थापन | पोखरीको संरचना निर्माण तथा प्लाष्टिक पोखरी निर्माण | पोखरीको जलाशय क्षेत्रफल प्रति ब्यक्ति १००-२०० वर्ग मिटर भएको हुनुपर्ने, पोखरीको पानीको गहिराइ कम्तिमा १२० से. मि. भएको हुनुपर्ने, यस कार्यक्रममा समुह, सहकारी, फर्म संस्थामा आवद्ध कृषक सदस्यहरु मात्र र एकपटक मात्र समावेश हुन सक्ने छन। | स्वीकृत कार्यक्रमको परिधी भित्र रही ५०% अनुदानको व्यवस्था गर्न सकिने छ। | भौतिक पुर्वाधार निर्माण गर्दा स्थानीय दर रेट, प्राविधिक ईष्टिमेट वा डिजाईन अनुसार हुनुपर्ने छ। |
| ६.२ | ब्यवसायीक माछा पोखरी निर्माण तथा सुधार एंवम सुदृढीकरण | नया पोखरी निर्माण, पुरानो पोखरी को मर्मत सुधार एंवम सुदृढीकरण गर्ने | यस कार्यक्रममा सहभागी दर्तावाल कृषकले कम्तिमा ४००-५०० वर्ग मि. मत्स्य पोखरी निर्माण गर्नु पर्ने छ। यस कार्यक्रमबाट अनुदान प्राप्त गर्ने अनुदानग्राहीलाई १ पटक मात्र अनुदान उपलब्ध गराइने छ। | स्वीकृत कार्यक्रमको परिधी भित्र रही ५०% अनुदानको व्यवस्था गर्न सकिने छ। | भौतिक पुर्वाधार निर्माण गर्दा स्थानीय दर रेट, प्राविधिक ईष्टिमेट वा डिजाईन अनुसार हुनुपर्ने छ। |





## परिच्छेद–२
## समिति सम्बन्धी व्यवस्था

**५. कार्यक्रम कार्यान्वयन समितिः**

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| आर्थिक विकास समिति संयोजक | सदस्य |
| कृषि सेवा शाखा प्रमुख | सदस्य |
| पशु सेवा शाखा प्रमुख | सदस्य सचिव |

**५.१ कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकारः**

(क) गाउँपालिका भित्र सञ्चालन गरिने कार्यक्रमहरु कार्यान्वयन गराउन निर्देशन दिने,

(ख) अन्तर शाखा समन्वयात्मक भुमिका निर्वाह गर्ने,

(ग) मातहतका समितिहरुको नियमन अनुगमन गर्ने आदि।

**६. कार्यक्रम अनुगमन तथा मुल्याङ्कन समितिः**

**६.१. पालिका स्तरिय कार्यक्रम अनुगमन तथा मुल्याङ्कन समितिः**

| | |
|---|---|
| गाउँपालिका उपाअध्यक्ष | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको प्रतिनिधि | सदस्य |
| आर्थिक विकास समिति संयोजक | सदस्य |
| प्राविधिक शाखा प्रमुख | सदस्य |
| पशु सेवा शाखा प्रमुख | सदस्य |

**६.१.१. पालिका स्तरिय कार्यक्रम अनुगमन समितिको काम, कर्तव्य र अधिकारः**

(क) गाउँपालिका भित्र सञ्चालन भएका कार्यक्रमहरुको अनुगमन गर्ने गराउने,

(ख) कार्य प्रगतिको समिक्षा प्रतिवेदन तयारी तथा पृष्टपोषण दिने,

(ग) कार्यक्रम सञ्चालनको आवधिक अनुगमन गर्ने,

(घ) समन्वयात्मकत भुमिका निर्वाह गर्ने आदि।

**६.२ वडा स्तरिय कार्यक्रम अनुगमन तथा मुल्याङ्कन समितिः**

| | |
|---|---|
| वडा अध्यक्ष | संयोजक |
| वडा सदस्य | सदस्य |
| वडा प्राविधिक | सदस्य |
| वडा पशु प्रविधिक | सदस्य |
| वडा सचिव | सदस्य |

**६.२.१ वडा स्तरिय कार्यक्रम अनुगमन समितिको काम, कर्तव्य र अधिकार:**

(क) सम्बन्धित वडा भित्र सञ्चालन भएका कार्यक्रमहरुको अनुगमन गर्ने गराउने,

(ख) कार्य प्रगतिको समिक्षा प्रतिवेदन तयारी तथा पृष्टपोषण दिने,

(ग) कार्यक्रम सञ्चालनको आवधिक अनुगमन गर्ने तथा

(घ) समन्वयात्मकत भुमिका निर्वाह गर्ने आदि।

**७. प्रस्ताव मुल्याङ्कन समिति:**

**७.१ पालिका स्तरिय प्रस्ताव मुल्याङ्कन समिति:**

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको प्रतिनिधि | संयोजक |
| (ख) योजना तथा प्रशासन शाखा प्रमुख | सदस्य |
| (ग) पशु सेवा शाखा प्रमुख | सदस्य सचिव |

**७.१.१ पालिका स्तरिय प्रस्ताव मुल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार:**

(क) संक्षीप्त कार्ययोजना सहितको निवेदन संकलन भएपछि कार्यक्रमको सर्त, छनौटका आधार तथा यस कार्यविधिका नर्मसहरु लाई ध्यानमा राखि उक्त प्रस्तावकहरुको मुल्याङकन गरि लाभग्रही छनौट गर्ने,

(ख) प्रस्तावकहरुको विवरण सहि भए/नभएको, कार्यक्रमको लागी उपयुक्त भए/नभएको जाँच गर्न आवश्यक परेमा स्थलगत निरिक्षण गर्ने आदि।

**७.२ वडा स्तरिय प्रस्ताव सिफारिस समिति:**

| | |
|---|---|
| (क) वडा अध्यक्ष | संयोजक |
| (ख) वडा सदस्यहरु | सदस्य |
| (ग) वडा सचिव | सदस्य |
| (ङ) वडा पशु प्राविधिक | सदस्य सचिव |

**७.२.१ वडा स्तरिय प्रस्ताव सिफारिस समितिको काम, कर्तव्य र अधिकार:**

(क) वडामा संक्षीप्त कार्ययोजना सहितको निवेदन संकलन भएपछि कार्यक्रमको सर्त, छनौटका आधार तथा यस कार्यविधिका नर्मसहरु लाई ध्यानमा राखि प्रस्तावक\लाभग्रही सिफारिस गर्ने,

(ख) प्रस्तावकहरुको विवरण सहि भए/नभएको, कार्यक्रमको लागी उपयुक्त भए/नभएको जाँच गर्न आवश्यक परेमा स्थलगत निरिक्षण गर्ने,

(ग) छनौट भएका लाभग्राहीहरुको विवरण सम्बन्धित वडामा अभिलेख राखी सोको जानकारी पशु सेवा शाखामा गराउनु पर्नेछ।





| | | | | | |
|---|---|---|---|---|---|
| | तथा यान्त्रीक सहयोग | | गाई/भैंसी व्यवसायको हकमा १० वटा दुधालु पशु हुनुपर्ने, साइलेज उत्पादन गरि बिक्री वितरण गर्ने व्यवसायको हकमा कम्तिमा ५० रोपनी हुनुपर्ने, | सकिने छ। | प्राविधिक ईष्टिमेट वा डिजाईन अनुसार हुनुपर्ने छ। |
| ५.३ | मोटर सहितको च्यापकटर वितरण | मोटर सहितको च्यापकटर खरिद, ढुवानी तथा ब्यवस्थापनमा सहयोग | भेडा/बाख्रापालन व्यवसायको हकमा माउ १० वटा भन्दा बढी वा जम्मा २० वटा भेडा/बाख्रपालन गरेको हुनुपर्ने, गाई/भैंसी व्यवसायको हकमा ४ वटा दुधालु पशु हुनुपर्ने, | स्वीकृत कार्यक्रमको परिधी भित्र रही ५०% अनुदानको व्यवस्था गर्न सकिने छ। | भौतिक पुर्वाधार निर्माण गर्दा स्थानीय दर रेट, प्राविधिक ईष्टिमेट वा डिजाईन अनुसार हुनुपर्ने छ। |
| ५.४ | कृषक/समुह/सहकारी लाई पशु आहारा सम्बन्धी विशेष कार्यक्रम | उन्नत जातको घाँसको वीउ/बिरुवा वितरण, सिँचाईका लागी प्लाष्टिक पाईप खरिद वा जडानमा सहयोग, दाना प्रशोद्धन गर्ने मेशिन खरिद, पशु आहारा सम्बन्धी तालिम आदि। | समुह/सहकारीमा आबद्ध प्रत्येक सदस्यहरुले कम्तीमा १० वटा भन्दा माथि भेडा/बाख्रा वा ३ वटा भन्दा माथि गाई/भैंसी पालन गरेको हुनु पर्नेछ र समुह/सहकारीमा न्युनतम ३० शेयर सदस्य भएको हुनुपर्ने। | स्वीकृत कार्यक्रमको परिधी भित्र रही ५०% अनुदानको व्यवस्था गर्न सकिने छ। | भौतिक पुर्वाधार निर्माण गर्दा स्थानीय दर रेट, प्राविधिक ईष्टिमेट वा डिजाईन अनुसार हुनुपर्ने छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. अनुदानमा गोठ/खोर निर्माण वा भकारो सुधार कार्यक्रम | | | | | |
| ४.१ | गोठ/ खोर निर्माण वा भकारो सुधार कार्यक्रम | स्थानीय दर रेट तथा प्राविधिक ईष्टिमेट वा डिजाईन अनुसार गोठ/खोरको निर्माण वा मर्मत सुधार गरिने छ। | यस कार्युक्रममा समावेश हुने कृषक/उद्यमी/लाभग्रहीहरुले आफ्नो गोठ/खोरमा कम्तीमा निम्न बमोजिमको संख्यामा पशुपालन गरेको हुनुपर्ने छ।<br>**गाई/भैंसी**- ३ माउ वा ५ वटा पशु संख्या<br>**भेडा/बाख्रा**- ५ माउ वा १५ वटा पशु संख्या<br>**वंगुर**- ५ माउ वा १२ वटा पशु संख्या | स्वीकृत कार्यक्रमको परिधी भित्र रही ५०% अनुदानको व्यवस्था गर्न सकिने छ। | अनुदान रकम तय गर्ने पुर्ण अधिकार कार्यक्रम कार्यान्वयन समितिको हुनेछ। |
| ५. पशु आहारा उत्पादन तथा आहारा व्यवसाय प्रवर्द्धन सम्बन्धी ब्यवस्था | | | | | |
| ५.१ | घाँस वीउ उत्पादन केन्द्र स्थापना | मूल वीउ, राइबोजियम बिषालु झार नियन्त्रण, सिचाईका लागी प्लाष्टिक पोखरी निर्माण, पाइप खरिद तथा जडानमा सहयोग | दर्तावाल कृषक समुह/सहकारी/फर्म हरुले १० रोपनीमा घाँस उत्पादन गरेको हुनुपर्ने छ। | स्वीकृत कार्यक्रमको परिधी भित्र रही ५०% अनुदानको व्यवस्था गर्न सकिने छ। | भौतिक पुर्वाधार निर्माण गर्दा स्थानीय दर रेट, प्राविधिक ईष्टिमेट वा डिजाईन अनुसार हुनुपर्ने छ। |
| ५.२ | साइलेज सम्बन्धी पूर्वाधार निर्माण | साइलो पिट निर्माणमा सहयोग, साइलेज बनाउने उपयुक्त घाँसको वीउ/बिरुवा वितरण, साइलेज प्रयोजनका लागी च्यापकटर खरिद तथा जडानमा सहयोग | बाख्रापालन व्यवसायको हकमा माउ/खसीबोका/पाठापाठी गरि जम्मा १०० वटा बाख्रा पालन गरेको हुनुपर्ने, | स्वीकृत कार्यक्रमको परिधी भित्र रही ५०% अनुदानको व्यवस्था गर्न | भौतिक पुर्वाधार निर्माण गर्दा स्थानीय दर रेट, |





**(नोटः- माथि उल्लेखित समितिहरुमा आवश्यकता अनुसार बढीमा २ जना सम्बन्धित व्यक्ति\विज्ञलाई आमन्त्रित सदस्यहरु राख्न सकिनेछ।**

## परिच्छेद–३
## कार्यक्रम सञ्चालन प्रकृया

**८. कार्यक्रम सञ्चालन तथा अनुदान रकम सिमा निर्धारणः**

कार्यक्रम सञ्चालन गर्नका लागी गाउँपालिकामा दफा ५ बमोजिमको **कार्यक्रम कार्यान्वयन समिति** गठन गर्न सकिनेछ। उक्त समितिले कार्यक्रम सञ्चालन क्षेत्र, लक्षित वर्ग, लाभग्राही छनौटका आधारहरु तय गर्ने तथा अनुदान कार्यक्रमको लागी अनुदान रकम सिमा निर्धारण गरि कार्यक्रम सञ्चालन तथा कार्यक्रम कार्यान्वयन गर्न सम्बन्धित शाखालाई निर्देशन दिन सक्नेछ।

**९. कार्यक्रमको सुचना र अनुदानग्राही/लाभग्राही छनौटः**

(क) पशु सेवा शाखाले कार्यक्रम सञ्चालनको लागी प्रचलित कानुन बमोजिम कम्तिमा १५ दिनको म्याद राखी अनुसूचि १ बमोजिम प्रथम पटक सुचना उपयुक्त माध्यमबाट अहवान गर्ने, यसरी प्रस्ताव अहवान गर्दा तोकिएको म्याद भित्र प्रस्ताव नपरेमा वा थप प्रस्ताव आवश्यक भएमा पुनः ७ दिनको म्याद राखी सुचना गर्न सकिनेछ। सुचना जारी गर्दा प्रस्तावकले संलग्न गर्नु पर्ने विवरण तथा कागजातहरु अनिवार्य उल्लेख गर्नु पर्नेछ।

(ख) कृषक/उद्यमी/लक्षित वर्ग वा समुहले तोकिएको समवाधि भित्र अनुसूचि ३ बमोजिमको संक्षिप्त कार्ययोजना सहित अनुसूचि २ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

(ग) यसरी पर्न आएको संक्षिप्त कार्ययोजना सहितको निवेदनमा दफा ७ बमोजिम गठित **प्रस्ताव मुल्याङकन समिति** ले लाभग्राही/अनुदानग्राही छनौटका आधारहरु तथा यस कार्यविधिका नर्मसहरु लाई ध्यानमा राखि लाभग्राही छनौट गरि सोको जानकारी पशु सेवा शाखामा १५ दिन भित्र उपलब्ध गराउनुपर्ने हुन्छ।

**१०. लाभग्राहीको अभिलेख तथा सार्वजनिकरणः**

प्रस्ताव मुल्याङकन समितिबाट छनौट भई आएको लाभग्राहीको प्रस्ताव लाई पशु सेवा शाखा वा सम्बन्धित वडाले यस कार्यविधि बमोजिमको लाभग्राहीको अनुसूचि ७ बमोजिमको अभिलेख अनिवार्य राख्ने तथा सार्वजनिक गर्ने ब्यवस्था गर्नु पर्नेछ।

## परिच्छेद-४
## नर्मस तथा अनिवार्य सर्तहरु

**११. कार्यक्रम कार्यान्वयनका लागी नर्मस तथा अनिवार्य सर्तहरुः**

(क) कार्यक्रम सञ्चालनका लागी आवश्यक भएमा तालिम,गोष्ठी, भ्रमण, अनुगमन र प्रशासनिक कार्यमा विनियोजित बजेटको बढीमा १५ प्रतिशत मात्र खर्च गर्न पाईनेछ।

(ख) बुंदा 'क' मा उल्लेखित बाहेक अनुसूचि ६ मा उल्लेख भएको मापदण्ड तथा सर्तहरु लागु हुनेछन।

**१२. अनुदानग्राही/लाभग्राही ले पालन गर्नुपर्ने सर्तहरूः**

(क) अनुदानग्राहीले आवश्यकता अनुसार आफ्नो स्वीकृत कार्यक्रम/परियोजना सम्बन्धित कामको विवरण, लागत, सम्पन्न अवधि, आपेक्षित उपलब्धी सहितको सार्वजनिक सुचना पार्टी कार्यक्रम स्थलमा राख्नुपर्नेछ।

(ख) कार्यक्रम सुरुवात देखी सञ्चालन सम्बन्धी सम्पूर्ण कार्य विवरणको अभिलेख राख्नु पर्नेछ।

(ग) कार्यक्रम सञ्चालनका क्रममा पालिका वा वडाले दिएको निर्देशन पूर्ण रुपमा पालन गर्नु पर्नेछ।

(घ) कार्यालयले खोजेको बखत अनुदानग्राहीले कार्यक्रम/परियोजना सञ्चालन कार्य प्रगति हेर्न सक्नेछ र सो कार्यप्रगति देखाउनु सम्बन्धित अनुदानग्राहीको कर्तव्य हुनेछ।

(ङ) अनुदान उपलब्ध गराईएको पूर्वाधारहरु सम्बन्धित क्षेत्रमा बाहेक अन्य क्षेत्रमा प्रयोग गर्न पाईने छैन।

## परिच्छेद–५
## सम्झौता र भुक्तानी प्रकृया

**१३. सम्झौताः**

(क) बुंदा ९(ग) बमोजिम स्वीकृत प्रस्तावक/लाभग्राही सँग पशु सेवा शाखा प्रमुख वा निजले तोकेको प्रतिनिधि को रोहवरमा अनुसूचि ४ बमोजिम द्विपक्षीय सम्झौता हुनेछ।

(ख)द्विपक्षीय सम्झौतालाई कार्यक्रम कार्यान्वयनको मुल आधार मानिनेछ।

**१४. भुक्तानी प्रकृयाः**

(क) सम्बन्धित अनुदानग्रहीले सुरुमा आफ्नो तर्फको लगानीबाट सम्झौता अनुसारको कार्य सम्पन्न गरि भौतिक पूर्वाधारको हकमा रनिङ बिल, मेजरमेन्ट बुक, कार्य सम्पन्न प्रतिवेदन, फोटोग्राफ (अनिवार्यः शुरु, मध्यस्त र समापनको) तथा अन्यको हकमा नियामानुसार कोटेशन, बिल बिजक, दाखिला प्रतिवेदन, फोटोग्राफ आदि आवश्यक कागजात संलग्न राखी भुक्तानीका लागी अनुरोध गरेपश्चात कार्यालयले स्थलगत निरिक्षण/अनुगमन गरि





| | | | | | |
|---|---|---|---|---|---|
| | | तथा व्यवस्थापन | निर्माण गर्दा "संघीय पशु वद्यशाला र मासु जाँच प्राविधिक निर्देशिका २०६४" को दफा ४ र अनुसूचि २ बमोजिमको मापदण्ड पुरा गरेको हुनुपर्ने छ। | | अनुसार हुनुपर्ने छ। |
| ३. अत्ति विपन्न, विपन्न वर्ग लक्षित आय आर्जन तथा जिविकोपार्जन सम्बन्धी विशेष कार्यक्रम | | | | | |
| ३.१ | बाख्रा पालन | खोर निर्माण/सुधार, बाख्रापालन तालिम, उन्नत जातको बाख्रा/बोका वितरण, घाँसको वीउ/विरुवा वितरण, दाना प्रशोधन गर्ने मेशिन, आन्तरिक/बाह्यय परिजिवि नियन्त्रण कार्यक्रम, खोप, वीमा कार्यक्रम, सुचना बोर्ड | अत्ति विपन्न,विपन्न वर्ग, दलित, जनजाती, एकल महिलालाई विशेष प्राथमिकता दिनुपर्ने भौतिक पुर्वाधार निर्माण गर्दा प्राविधिक ईष्टिमेट वा डिजाईन अनुसार हुनुपर्ने छ। | स्वीकृत कार्यक्रमको परिधी भित्र रही ५०%,६०%, ७०%, ७५%,८०% वा १००% अनुदानको व्यवस्था गर्न सकिने छ। | अनुदान रकम तय गर्ने पुर्ण अधिकार कार्यक्रम कार्यान्वयन समिति को हुनेछ। भौतिक पुर्वाधार निर्माण गर्दा स्थानीय दर रेट, प्राविधिक ईष्टिमेट वा डिजाईन अनुसार हुनुपर्ने छ। |
| ३.२ | वंगुरपालन | खोर निर्माण/सुधार, व्यवसायिक वंगुरपालन तालिम, उन्नत जातको वंगुरको पाठी/वीर वितरण, आन्तरिक/बाह्यय परिजिवि नियन्त्रण कार्यक्रम, खोप, वीमा कार्यक्रम, सुचना बोर्ड | अत्ति विपन्न,विपन्न वर्ग, दलित, जनजाती, एकल महिलालाई विशेष प्राथमिकता दिनुपर्ने भौतिक पुर्वाधार निर्माण गर्दा प्राविधिक ईष्टिमेट वा डिजाईन अनुसार हुनुपर्ने छ | | |
| ३.३ | कुखुरा पालन | खोर निर्माण/सुधार, व्यवसायिक कुखुरापालन तालिम, चल्ला वितरण, दाना , दाना/पानी खाने भाँडा वा कुटनी-पिसानी गर्ने मेशिन वितरण, रोग/परिजिवि नियन्त्रण कार्यक्रम, खोप, वीमा कार्यक्रम, सुचना बोर्ड | पिछडिएको विपन्न वर्ग, दलित, जनजाती महिलालाई विशेष प्राथमिकता दिनुपर्ने, चल्ला Dual purpose /Layers /Local पोथी कम्तीमा ४-८ हप्ते हुनुपर्ने, | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | उत्पादन गर्ने प्रयोजनले ५१ भन्दा बढी मासुको लागी बंगुर पालन गरेको हुनुपर्ने छ । **समुह/सहकारीको हकमाः-** प्रत्येक सदस्यहरुले कम्तीमा ५ वटा भन्दा माथि माउ वंगुर पालन गरेको हुनु पर्नेछ र समुह/सहकारीमा न्युनतम ३० शेयर सदस्य भएको हुनुपर्ने । | | |
| २.३ | व्यवसायिक कुखुरा पालन फर्म लाई खोर निर्माण, जैविक सुरक्षा तथा यान्त्रिकरण सहयोग | कुखुराको खोर निर्माण/सुधार, जैविक सुरक्षा व्यवस्थापन, खोप, विमा, चल्ला, दाना खरिद तथा ढुवानीमा सहयोग, दाना प्रशोधन गर्ने मेशिन तथा फर्मलाई आवश्यक पर्ने अन्य मेशिन तथा उपकरण खरिद तथा व्यवस्थापन | दर्तावाल **ब्रोइलर कुखुरा फर्म**ले कम्तीमा २०० वटा ब्रोइलर कुखुरा पालन गरि व्यवसाय गरेको हुनुपर्ने छ । दर्तावाल **लेयर्स कुखुरा फर्म**ले कम्तीमा ५०० वटा लेयर्स कुखुरा पालन गरि व्यवसाय गरेको हुनुपर्ने छ । दर्तावाल **लोकल कुखुरा फर्म**ले कम्तीमा १०० वटा लोकल कुखुरा पालन गरि व्यवसाय गरेको हुनुपर्ने छ । | स्वीकृत कार्यक्रमको परिधी भित्र रही ५०% लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिने छ । | भौतिक पुर्वाधार निर्माण गर्दा स्थानीय दर रेट, प्राविधिक ईष्टिमेट वा डिजाईन अनुसार हुनुपर्ने छ । |
| २.४ | मासु पसल निर्माण/सुधार तथा साना पशु वद्यशाला स्थापना | मासु पसलभित्र कोठाको फर्निसिङ, डि-फ्रिज, ग्यास बर्नर, ड्रेशिङ मेशिन, डिस्पोजेवल पिठ, मासु काट्ने औजारहरु खरिद तथा व्यवस्थापनमा सहयोग अदि । मापदण्ड बमोजिमको पशु वद्यशाला निर्माण तथा सो भित्र आवश्यक मेशिनरी औजार/उपकरण खरिद | मासु पसलको स्वरुप "संघीय पशु वद्यशाला र मासु जाँच प्राविधिक निर्देशिका २०६४" को दफा ५ र अनुसूचि ३ बमोजिमको मापदण्ड पुरा गरेको तथा अनिवार्य रुपमा सम्बन्धित कार्यालयमा दर्ता भई प्रमाणपत्र प्राप्त गरेको हुनुपेर्ने छ । साना पशु वद्यशालाको | स्वीकृत कार्यक्रमको परिधी भित्र रही ५०% लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिने छ । | भौतिक पुर्वाधार निर्माण गर्दा स्थानीय दर रेट, प्राविधिक ईष्टिमेट वा डिजाईन |



खण्ड ५) पाँचथर, प्रदेश नं. १ , नेपाल, २०७९/०७/२७ (संख्या ४

मनासिव ठहरेमा रनिङ बिलको आधारमा सम्पन्न भएको कामको नियामानुसार भुक्तानी दिईनेछ ।

(ख) समान्यतयाः अनुदान रकमको भुक्तानी कार्य सम्पादनको आधारमा बढीमा २ किस्तामा गरिनेछ । तर रु २ लाख सम्मका अनुदान रकमको भुक्तानी कार्य सम्पन्न भए पश्चात सम्बन्धित वडाबाट अनुसूचि ५ अनुसारको कार्य सम्पन्न सिफारिस र शाखाको सिफारिसका आधारमा कार्यालयले अनुदानग्राहीको बैङ्क खाता मार्फत एकमुष्ट अनुदान रकम उपलब्ध गराईनेछ ।

## परिच्छेद–६
## अनुगमन, मुल्याङकन र प्रतिवेदन

**१५.अनुगमन तथा मुल्याङकनका लागी देहाय बमोजिमको प्रकृया अपनाउन सकिनेछ ।**

(क) कार्यालयबाट संचालित कार्यक्रममा उपलब्ध गराइएको अनुदान रकम सम्बन्धित लाभग्राही/अनुदानग्राहीले सदुपयोग गरे/नगरेको र लक्ष्य प्रगति भए/नभएको बारेमा वा अन्य आवश्यक प्राविधिक विषयमा यसै कार्यविधिको दफा ६ बमोजिम गठित **कार्यक्रम अनुगमन तथा मुल्याङकन समिति** ले अनुगमन तथा मुल्याङकन गरि आफ्नो राय, सुझाव तथा पृष्टपोषण कार्यालयमा पेश गर्नु पेर्नेछ ।

(ख) कार्यालयले आवश्यकता अनुसार अनुगमन तथा मुल्याङकन गर्न सक्नेछ ।

## परिच्छेद–७
## विविध

**१६. कार्यक्रममा सहभागी हुन नमिलनेः** एक पटक संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह वा अन्य आयोजनाबाट अनुदान लिएको लाभग्राही वा उसको एकाघर परिवारलाई ३ बर्षसम्म समान किसिमको अनुदान कार्यक्रममा सहभागी हुन मिल्ने छैन ।

**१७. प्रचलित कानुन बमोजिम हुनेः** प्रचलित कानुनको सर्वमान्यतामा प्रतिकूल नहुने गरि यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१८. बाधा अडकाउ, संशोधन तथा हेरफेर सम्बन्धि व्यवस्थाः**

(१)यो कार्यविधिको कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन गाउँ कार्यपालिकाले आवश्यकता अनुसार थपघट,हेरफेर वा संशोधन गर्न सकनेछ ।

(२)यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अवरोध वा अस्पष्टता भएमा गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

## अनुसूचि – १
### प्रस्ताव अहवान सम्बन्धी सूचना (नमुना)

प्रथम पटक प्रकाशित मितिः- २०...../......./......

हिलिहाङ गाउँपालिका, पशु सेवा केन्द्रको चालु आ.व. २०...../...... को स्वीकृत वार्षीक कार्यक्रम अनुसार “पशुपन्छी कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि २०७९” बमोजिमका मापदण्ड तथा सर्तहरु पालना गरि तपशिलका कार्यक्रम कार्यान्वयनका लागी हिलिहाङ गाउँपालिका क्षेत्र/लक्षित क्षेत्र भित्रका इच्छुक कृषक/कृषक समूह/कृषि सहकारी संस्था/व्यवसायिक फार्म/उद्यमीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचामा प्रस्ताव दर्ता गर्नु हुन अहवान गरिन्छ । रित नपुगेको वा म्याद नाघी आएका प्रस्तावहरु दर्ता नहुने व्यवहोरा समेत जनकारी गराईन्छ । साथै यस कार्यालय वा प्रदेश सरकार वा संघीय सरकार वा अन्य आयोजनाबाट बिगत ३ बर्षमा यसै प्रकृतिको कार्यक्रमका लागी अनुदान लिएका कृषक/फर्म/समुह/सहकारी संस्था हरु यस कार्यक्रममा समावेश नगराईने व्यवहोरा समेत अनुरोध छ ।

| क्र. सं. | कार्यक्रम | संख्या | कैफियत |
|---|---|---|---|
| | | | |

निवेदन र संक्षिप्त कार्ययोजना यस पालिकाको website बाट Download गर्न सकिनेछ वा सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिनेछ । अन्य थप जानकारीका लागी फोन नं…........................ मा सम्पर्क गर्नु हुन अनुरोध छ ।

**निवेदन साथ पेश गर्नु पर्ने कागजातहरूः**

क. अनुसूचि २ बमोजिमको निवेदन ढाँचा र अनुसूचि ३ बमोजिमको संक्षिप्त कार्ययोजना फारम,
ख. सम्बन्धित व्यक्ति/प्रस्तावकको नेपाली नागरिकताको प्रतिलिपि,
ग. राष्ट्रिय किसान परिचय पत्रको प्रतिलिपि
घ. कृषक समुह/निजि व्यवसायी फार्महरुले पालेको पशुहरुको विवरण,
ङ. व्यवसायिक निजि फर्म भए पाना नं सहितको प्रमाणपत्रको प्रतिलिपि, गत आ.व. को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ताको प्रमाण,
च. कृषक समुहको हकमा, कृषि/पशुपन्छी शाखामा दर्ता भएका १ वर्ष पुरानो कृषक समुह दर्ता प्रमाण पत्रको प्रतिलिपि,
छ. संस्थागत भए, संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि, गत आ.व. को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ताको प्रमाण,
ज. अन्य प्राविधिक प्रमाण भए सोको प्रतिलिपिहिरु,
झ. अरुको नाममा भएको जग्गा भाडामा लिएको भए कम्तिमा १० वर्षको लागि कानुनी प्रकृया पुरा गरेको मन्जुरीनामा आदि ।





| | | | | | |
|---|---|---|---|---|---|
| | यान्त्रिकरण सहयोग | वीउ /विरुवा वितरण, साईलेज सम्बन्धी पूर्वाधार निर्माण तथा यान्त्रिकरण खरिद, खोप, वीमा, सुचना वोर्ड, कृ. गार्भाधान, फर्म व्यवस्थापनमा आवश्यक औजार उपकरण खरिद तथा ढुवानीमा सहयोग आदि। | पर्नेछ। *ठूला व्यवसायिक भेडा/बाख्रा पालन फर्मः- ५१ भन्दा बढि माउ भेडा/बाख्रा पालन गरेको हुनु पर्नेछ। *समुह/सहकारीको हकमाः- प्रत्येक सदस्यहरुले कम्तीमा १० वटा भन्दा माथि माउ भेडा/बाख्रा पालन गरेको हुनु पर्नेछ र समुह/सहकारीमा न्युनतम ३० शेयर सदस्य भएको हुनुपर्ने। | | वा डिजाईन अनुसार हुनुपर्ने छ। |
| २.२ | व्यवसायिक बंगुर पालन मा पुर्वाधार निर्माण तथा यान्त्रिकरण सहयोग | बंगुरको खोर निर्माण/सुधार, दाना बनाउने मेशिन खरिद तथा जडान, फर्मको बारबन्देज र जैविक सुरक्षा को प्रबन्ध, वायोग्यास निर्माण तथा फोहोर व्यवस्थापन, वीर/भुनी खरिद तथा ढुवानीमा सहयोग, खोप, वीमा, सुचना वोर्ड, कृ. गार्भाधान, फर्म व्यवस्थापनमा आवश्यक औजार उपकरण खरिद तथा ढुवानीमा सहयोग आदि। | *साना व्यवसायिक बंगुर पालन फर्मः पाठापाठी उत्पादन गरि बेचबिखन गर्ने प्रयोजनले ४-१० वटा सम्म उन्नत माउ बंगुर तथा मासु उत्पादन गर्ने प्रयोजनले १५-३० वटा मासुको लागी बंगुर पालन गरेको हुनुपर्ने छ। *मझौला व्यवसायिक बंगुर पालन फर्मः पाठापाठी उत्पादन गरि बेचबिखन गर्ने प्रयोजनले ११-३० वटा सम्म उन्नत माउ बंगुर तथा मासु उत्पादन गर्ने प्रयोजनले ३१-५० वटा मासुको लागी बंगुर पालन गरेको हुनुपर्ने छ। *ठूला व्यवसायिक बंगुर पालन फर्मः पाठापाठी उत्पादन गरि बेचबिखन गर्ने प्रयोजनले ३१ वटा भन्दा बढि माउ बंगुर तथा मासु | स्वीकृत कार्यक्रमको परिधी भित्र रही ५०% लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिने छ। | भौतिक पुर्वाधार निर्माण गर्दा स्थानीय दर रेट, प्राविधिक ईष्टिमेट वा डिजाईन अनुसार हुनुपर्ने छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| १.२ | साना डेरी स्थापना, निर्माण/सुधार तथा यान्त्रिकरण सहयोग | पूर्वाधार निर्माण/सुधार, सुचना वोर्ड, यान्त्रिकरणका लागी डिजिटल व्यालेन्स, डि फ्रिज ५००/१०० ली, मिल्कक्यान वा कन्टेनर, ल्याक्टो मिटर, क्रिम सेपेरेटर, मिल्क पाश्चुराईजर, तथा डेरी सम्बन्धी अन्य आवश्यक मेशिन उपकरण खरिद तथा ढुवानी तथा व्यवस्थापनमा सहयोग आदि। | साना डेरी स्थापना, निर्माण/सुधार कार्यक्रममा सहभागी हुने आवेदकहरुले कम्तिमा दैनिक १०० लिटर दुध तथा दुग्ध जन्य पदार्थहरुको बिक्रि वितरण गरि रहेको हुनु पर्नेछ । | स्वीकृत कार्यक्रमको परिधी भित्र रही ५०%,६०%, ७०% वा ७५% अनुदानको व्यवस्था गर्न सकिने छ। अनुदान रकम तय गर्ने पुर्ण अधिकार कार्यक्रम कार्यान्वयन समितिको हुनेछ | भौतिक पुर्वाधार निर्माण गर्दा स्थानीय दर रेट, प्राविधिक ईष्टिमेट वा डिजाईन अनुसार हुनुपर्ने छ। |
| १.३ | मिल्किङ्ग मेशिन सहयोग | मिल्किङ्ग मेशिन खरिद तथा जडानमा सहयोग | यस कार्यक्रममा सहभागी हुने आवेदकले कम्तिमा १० वटा उन्नत दुधालु गाई/भैंसी पालन गरि दैनिक ५० लिटर सम्म दुध उत्पादन गरि बिक्रि वितरण गरेको हुनुपर्ने छ। विद्युत लाईन जडानको सुविधा भएको हुनु पर्ने छ। | स्वीकृत कार्यक्रमको परिधी भित्र रही ५०% लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिने छ। | स्थानीय दर रेट अनुसार लागत ईष्टिमेट भएको हुनु पर्ने |
| २. मासु/फुल उत्पादन तथा मासु/फुलजन्य व्यवसायिक प्रवर्द्धनसँग सम्बन्धित कार्यक्रम | | | | | |
| २.१ | व्यवसायिक भेडा/बाख्रा पालन मा पुर्वाधार निर्माण तथा | बाख्राको खोर निर्माण/सुधार, फर्मको जैविक सुरक्षा व्यवस्थापन सम्बन्धी कार्य, उन्नत जातका माउ भेडा/बाख्रा तथा बोका खरिद तथा ढुवानीमा सहयोग, डिपिङ ट्याङ्क निर्माण, च्यापकटर खरिद, घाँसको | ***साना व्यवसायिक भेडा/बाख्रा पालन फर्मः-** १५-२५ वटा सम्म माउ भेडा/बाख्रा पालन गरेको हुनु पर्नेछ। ***मझौला व्यवसायिक भेडा/बाख्रा पालन फर्मः-** २६-५० वटा सम्म माउ भेडा/बाख्रा पालन गरेको हुनु | स्वीकृत कार्यक्रमको परिधी भित्र रही ५०% लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिने छ। | भौतिक पुर्वाधार निर्माण गर्दा स्थानीय दर रेट, प्राविधिक ईष्टिमेट |





**अनुसूचि – २**

**आवेदनको ढाँचा (नमुना)**

श्रीमान् प्रमुख ज्यू
हिलिहाङ गाउँपालिका
...................................

विषयः...........................................कार्यक्रममा प्रस्तावना पेश गरेको बारे ।

महोदय,

हिलिहाङ गाउँपालिका, मिति.........................................को प्रकाशित सुचना अनुसार म/हामीले यस आ.व.................. मा हिलिहाङ गाउँपालिका पशु सेवा केन्द्रको वार्षिक स्वीकृत कार्यक्रम अनुसार ...... प्रतिशत/लागत साझेदारीमा .......................................... कार्यक्रम सञ्चालन गर्नका लागी तपसिल बमोजिमका कागजात राखी यो आवेदन प्रस्ताव पेश गरेको छु/छौं । उक्त कार्यक्रम प्राप्त भएमा यस सम्बन्धी सम्झौता र मापदण्ड अनुसार कार्यक्रम सञ्चालन गर्ने छु/छौं । यस कर्यक्रमको लागी गरिएको सम्झौता तथा मापदण्ड विपरित गरिएको पाइएमा विद्यमान कानुन बमोजिम कार्यवाहीको भगेदारी हुन मन्जुर रहेको व्यवहोरा अनुरोध छ । साथै यस कार्यालय वा प्रदेश सरकार वा संघीय सरकार वा अन्य आयोजनाबाट बिगत ३ बर्षमा यसै प्रकृतिको कार्यक्रमका लागी अनुदान नलिएको व्यवहोरा समेत अनुरोध छ ।

**तपसिलः**

प्रतावसंग संलग्न कागजातहरुः

क. अनुसूचि ३ बमोजिमको संक्षिप्त कार्ययोजना फारम,
ख. सम्बन्धित व्यक्ति/प्रस्तावकको नेपाली नागरिकताको प्रतिलिपि,
ग. राष्ट्रिय किसान परिचय पत्रको प्रतिलिपि,
घ. कृषक समुह/निजि व्यवसायी फार्महरुले पालेको पशुहरुको विवरण,
ङ. व्यवसायिक निजि फर्म भए पाना नं सहितको प्रमाणपत्रको प्रतिलिपि, गत आ.व. को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ताको प्रमाण,
च. कृषक समुहको हकमा, कृषि/पशुपन्छी शाखामा दर्ता भएका १ वर्ष पुरानो कृषक समुह दर्ता प्रमाण पत्रको प्रतिलिपि,
छ. संस्थागत भए, संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि, गत आ.व. को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ताको प्रमाण,
ज. अन्य प्राविधिक प्रमाण भए सोको प्रतिलिपिहरु,
झ. अरुको नाममा भएको जग्गा भाडामा लिएको भए कम्तिमा १० वर्षको लागि कानुनी प्रकृया पुरा गरेको मन्जुरीनामा आदि ।

अनुसूचि – ३

संक्षिप्त कार्ययोजनाको ढाँचा (नमुना)

**१, कृषक/संस्थाको संक्षिप्त विवरणः**

| | |
|---|---|
| आवेदक कृषक/संस्थाको नाम, थरः | |
| ठेगानाः | |
| समुह/सहकारी/फर्म भए, दर्ता नं. | |
| दर्ता भएको मिति र निकायः | |
| सम्पर्क व्यक्तिको नाम र सम्पर्क नं. | |
| सञ्चालन गर्न खोजेको कार्यक्रम र स्थानः | |
| सहयोग स्वरुप माग गरेको अनुदान रकमः | |
| कृषक/संस्थाको तर्फबाट सझेदारी गर्ने रकमः | |

**२, व्यवसायको आधारभुत विवरणः**

| क्र. सं | सञ्चालित व्यवसायको नाम | व्यवसायबाट उत्पदन हुने मुख्य /मुख्य बस्तुहरु | उत्पादन हुने वार्षिक परिमाण | वार्षिक कारोवार रकम (रु) | व्यवसायबाट सिर्जित रोजगार विवरण |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**३, सञ्चालन गरिने क्रियाकलापको विवरणः**

| क्र. सं. | क्रियाकलापको विवरण | इकाई | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

**४, विगत ३ बर्षमा आफैं वा एकाघरको सदस्यले विभिन्न निकायबाट प्राप्त अनुदानको विवरणः**

| क्र. सं. | अनुदान प्राप्त गर्ने कृषक/ संस्था/ फर्म को नामः | अनुदान प्राप्त गरेको काम | अनुदान रकम (रु) | अनुदान उपलब्ध गराउने निकाय |
|---|---|---|---|---|
| | | | | |
| | | | | |





अनुसूचि – ६

**पशुपन्छी कार्यक्रम सञ्चालनका लागी मापदण्ड सम्बन्धी व्यवस्था**

गाउँपालिका क्षेत्र भित्रका कृषक/उद्यमी/लक्षित वर्ग वा समूहका लागी अनुदान/लागत साझेदारीमा सञ्चालन गर्न सक्ने क्रियाकलापहरुको आर्थिक तथा प्राविधिक मापदण्ड निम्न बमोजिम व्यवस्था गरिएको छ।

| क्र. सं. | कार्यक्रम/आयोजना | अनुदानमा समावेश गरिने क्रियाकलापहरु | प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड | कैफियत |
|---|---|---|---|---|---|
| १. व्यवसायिक दुध उत्पादन तथा दुग्ध व्यवसय प्रवर्द्धनसँग सम्बन्धित कार्यक्रमहरु | | | | | |
| १.१ | व्यवसायिक गाई/भैंसी पालनमा पुर्वाधार निर्माण तथा यान्त्रिकरण सहयोग | जैविक सुरक्षा, घाँस खेतिका लागी वीउ/विरुवा तथा सिंचाई सम्बन्धी कार्य, ग्राईन्डर, च्याफकटर, मिल्क क्यान, मिलकिङ्ग मेशिन वितरण, नया गोठ निर्माण तथा पुराना गोठ सुधार, उन्नत जातका गाई/भैंसी खरिद तथा ढुवानीमा सहयोग, साईलेज सम्बन्धी पूर्वाधार निर्माण तथा यान्त्रिकरण खरिद, खोप, विमा, कृ. गर्भाधान, सुचना वोर्ड, कार्यक्रम सँग सम्बन्धित आवश्यकता अनुसार अन्य पर्वाधार निर्माण तथा मेशिनरी औजार खरिद आदि। | ***साना व्यवसायिक गाई/भैंसी फर्मः-** ४-८ वटा सम्म उन्नत दुधालु गाई/भैंसी पालन गरि कम्तिमा दैनिक २० लिटर दुध उत्पादन गरेको हुनुपर्ने।<br>***मझौला व्यवसायिक गाई/भैंसी फर्मः-** ९-२० वटा सम्म उन्नत दुधालु गाई/भैंसी पालन गरि कम्तिमा दैनिक ६० लिटर दुध उत्पादन गरेको हुनुपर्ने।<br>***ठूला व्यवसायिक गाई/भैंसी फर्मः-** २१ भन्दा माथि उन्नत दुधालु गाई/भैंसी पालन गरि कम्तिमा दैनिक १२० लिटर दुध उत्पादन गरेको हुनुपर्ने।<br>***समुह/सहकारीको हकमाः-** प्रत्येक सदस्यहरुले कम्तीमा ३ वटा भन्दा माथि दुधालु गाई/भैंसी पालन गरेको हुनुपर्ने र समुह/सहकारीमा न्युनतम ३० शेयर सदस्य भएको हुनुपर्ने, | स्वीकृत कार्यक्रमको परिधी भित्र रही ५०% लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिने छ। | भौतिक पुर्वाधार निर्माण गर्दा स्थानीय दर रेट, प्राविधिक ईष्टिमेट वा डिजाईन अनुसार हुनुपर्ने छ |

अनुसूचि – ५
दफा १४ (ख) सँग सम्बन्धित
वडा कार्यालय बाट उपलब्ध हुने सिफारिस ढाँचा (नमुना)

श्री.....................................................
.............................................

विषयः कृषि अनुदान भुक्तानी सम्बन्धी शिफारिस पत्र

उपरोक्त सम्बन्धमा ................................पालिकाको आ.व. २०..../..... मा स्वीकृत वार्षिक कार्यक्रम अनुसार ....................................... कार्यक्रम सञ्चालन गर्न मितिः- २०..../..../.... मा तहाँ कार्यालय र श्री .................... , ............... बीच सम्झौता भई तहाँबाट स्वीकृत कार्ययोजना अनुसार श्री ..................... ले तपसिल बमोजिमको कार्यहरु सम्पन्न गरेकोमा सम्झौता अनुसार रकम भुक्तानीको लागी सिफारिस साथ अनुरोध छ।

कार्य प्रगतिको विवरण

योजनाको नामः.................................................................

| क्र. सं. | क्रियाकलापहरु को विवरण | परिमाण | जम्मा खर्च | मुख्य उपलब्धी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

...........................
वडा अध्यक्ष





अनुदान सम्बन्धी विवरणमा उल्लेखित विवरण अनुसार विगत ३ बर्षभित्र आफै वा एकाघरको सदस्यले विभिन्न निकायबाट अनुदान लिए/नलिएको स्वघोषणा गर्दछु । पेश गरिएको विवरण झुटा ठहरिएमा विद्यमान कानुन बमोजिम कार्यवाहीको भगेदारी हुन मन्जुर रहेको व्यवहोरा अनुरोध छ।

दाँया/बाँया औठा छापः

**५, जिम्मेवार पदाधिकारीको**

| | |
|---|---|
| नामः | |
| पदः | |
| हस्ताक्षरः | |
| मितिः | |
| संस्थाको छापः | |

अनुसूचि – ४
द्विपक्षीय सम्झौता पत्र (नमुना)

..........................पालिकाको आर्थिक वर्ष.......................को स्वीकृत वार्षिक कर्यक्रम अनुसार ...................................कार्यक्रम सञ्चालन गर्न श्री.......................पालिकाको कार्यालय,............ (यसपछि प्रथम पक्ष भनिने) र श्री ................... , ............... (यसपछि दोश्रो पक्ष भनिने) बीच तपसिल बमोजिमको शर्तहरु परिपालना गर्ने गरि द्विपक्षीय सम्झौता गरि दियौं/लियौं।

तपसिलः

१. प्रथम पक्षले ..........................कार्यक्रमको लागी विनियोजित रकम रु ................ दोश्रो पक्षलाई बढीमा २ किस्तामा उपलब्ध गराउनेछ।

२. दोश्रो पक्षले...........जिल्ला.....................गा.पा/न.पा/.............नं. वडाको .............. स्थानमा यसै आ.व.............. को अन्त्य सम्ममा कार्यक्रम सम्पन्न गर्नेछ।

३. कार्यक्रमको लागत साझेदारी तथा ईष्टिमेट

| क्र. सं. | विवरण | इकाई | परिमाण | दर | आवेदक को लगानी रकम (रु) | कार्यालय को अनुदान रकम (रु) | जम्मा रकम (रु) |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| जम्मा रकम (रु) | | | | | | | |

४. दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत संक्षिप्त कार्ययोजना वमोजिमको सम्पुर्ण कार्यहरु प्राविधिक मापदण्ड/नर्मसको अधिनमा रही सम्पन्न गर्नेछ।

५. कार्यक्रम सञ्चालनका लागी आवश्यक निर्माण सम्बन्धी डिजाईन, ईष्टिमेट, सुपरभिजन, बिल, भर्पाई र कार्य सम्पन्न प्रतिवेदन लगायतका कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था आदि दोश्रो पक्षले गर्नेछ।

६. दोश्रो पक्षले नियामानुसारको बिल भर्पाई, कार्य सम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित (पूर्वाधार निर्माण जस्तैः गोठ,खोर आदि भए निर्माण हुने स्थल, निर्माण कार्यको शुरु, माध्य र समापन को फोटोग्राफ अनिवार्य समवेश भएको) भुक्तानीका लागी प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिब ठहरेमा दोश्रो पक्षको बैङ्क खातामा बढीमा २ किस्तामा भुक्तानी दिइनेछ।

७. मान्यता प्राप्त प्रविधिकले तयार गरेको कार्यसम्पन्न प्रतिवेदन र स्थलगत प्रविधिक प्रतिवेदनको आधारमा मनासिब ठहरेमा बराबर किस्ता वा सम्पूर्ण कार्य सम्पन्न भएमा एकै किस्तमा समेत सम्झौता बमोजिमको रकम भुक्तानी बैङ्क खाता मार्फत गरिनेछ। कार्यक्रम सम्बन्धी प्रविधिक सेवा, समन्वय र सहजीकरण प्रथम पक्षले गर्नु पर्नेछ।





८. प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यको अनुगमन/निरिक्षण गरि सम्झौता बमोजिमको कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ।

९. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागी गरिने कार्यहरु तथा अप्रत्यासित रुपमा सृजित सवै प्रकारका दायित्व र जिम्मेवारी दोश्रो पक्षको हुनेछ।

१०. दोश्रो पक्षले त्रैमासिक रुपमा कार्यक्रमको प्रगति, उपलब्धी तथा कारोवार सम्बन्धी विवरण पशु सेवा शाखामा अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।

११. कार्यक्रम सञ्चालनको क्रममा कुनै विवाद आएमा दुबै पक्षको आपसी समझदारी बाट सामाधान गरिने छ।

| दोश्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाको नामः | संस्थाको नामः |
| संस्थाको छापः | संस्थाको छापः |

**रोहवर**

| | |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |

इति सम्वत .................... साल ............. महिना.............गते रोज........ शुभम्।

**नोटः द्विपक्षीय सम्झौतामा आवश्यकता मुताबिकका अन्य सान्दर्भिक बुँदाहरु संशोधन गर्न सकिनेछ।**